# भूमि शाखा

## बर्दिवास नगरपालिका,बर्दिवास,महोत्तरी

# प्रगति प्रतिवेदन/२०८१/०८२

१. अभिमुखिकरण कार्यक्रमहरु संचालन

- भूमि समस्या समाधान आयोगका बिज्ञ सदस्य सहित वडा सहजिकरण समिति सहित छलफल।

२. ९,६७३ घरधूरीको लगत संकलन गर्ने कार्य सम्पन्न भएको **(लगत संकलन संम्बन्धित विवरण समावेस गरीएको)**

३. भरीएको फारमहरु वडा बाट संकलन गरी सेवा केन्द्रमा राखिएको

४. २ जना लगत प्रविष्टिकर्ताहरु छनोट गरी आवाश्यक तालिमको ब्यवस्था गरी लगत प्रविष्ट गर्न सक्षम बनाईएको

५. संकलन गरीएको फारमहरु प्रणालिमा प्रविष्ट गर्ने कार्य सुचारु गरीएको (हाल सम्म ८९% सम्पन्न)। **(हाल सम्म प्रविष्ट भएका विवरणहरु सामावेश गरीएको)**

६. आवाश्यकता अनुसार सम्बन्धित निकाय तथा सरोकारवाला हरुसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु बिभिन्न समयमा राखिएको।

७. वडा नं. १,२,३,४,५,६,८ र ११ मा भूमिहिन सुकुम्मबासी र भूमिहिन दलितको हकदावी सम्बन्धी ७ दिने सुचना प्रकाशित गरीएको।

८. १४ वटै वडाहरुमा भएको एलानी ,पर्ति जग्गाहरुको नाप नक्सा सम्बन्धि नक्सा तयार गरिएको। **(बिवरण समावेश गरीएको)**

९. बिगतमा भएका नाप नक्साहरुलाइ चेक जाचँ तथा प्रमाणिकरण गर्नको लागि जिल्ला समिति तथा जिल्ला स्तरिय नापी कार्यलयलाइ पत्र पठाइ अनुरोध गरेको।

१०. दर्ता छुटको सुचना प्रकाशित गरी छुट हुन गएकाहरुको पुःन लगत संकलन कार्य समाप्त गरीएको।

११. ३५ दिने सूचना अवधिमा १४ वटै वडाहरुका सेवाग्राहीहरुको विवरण रुजु गरिएको।

१२. वडा नं. ७ बाहेकका अन्य १३ वटै वडाहरुको लगत प्रविष्ट गर्ने कार्य सम्पन्न गरीएको। **(अन्य वडाहरुको हकमा केही कैफिएत देखिएका फारमहरु प्रविष्ट गर्न बाकी,विवरण समावेश गरिएको)**

१३. लालपुर्जा बितरणको प्रकृया :-

- बर्दिवास नगरपालिका वडा नं. २ का ५३ घरधूरी पूर्ण भूमिहिनहरुलाइ २५ नं. बहादुर गंज ४घ कित्ता नं. ३२ मध्य बाट प्रति घरधूरी १ कठ्ठाको दरले जग्गा उपलब्ध गराई जग्गाधनी पुर्जा बितरण गरिएको।
- बर्दिवास नगरपालिका वडा नं. २ का १७४ जना भूमिहिन दलित र भूमिहिन सुकुम्वासी (आ-आफ्नो जग्गा भएका) हरुको अन्तिम निर्णय र प्रमाणीकरणको लागि जिल्ला समितिमा सिफारिस गरिएको।

१४. बर्दिवास नगरपालिका भित्र रहेका सार्बजनिक तथा सरकारी जग्गा संरक्षण गर्न समिति गठन गरी अभिलेखको कार्य भईरहेको।

१५. भूमिको बर्गिकरणमा भएको समस्याको दिगो समाधानको लागि निवेदन संकलन कार्य शुचारु गरिएको।

१६. थप भरिएको फारमहरुको विवरण संकलन गरिरहेको।